REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 06.11.2024

## PM VIDYALAXMI

केन्द्र सरकारले मेधावी छात्रहरूलाई वित्तीय सहायता प्रदान गर्नका लागि पी एम विद्यालक्ष्मी योजनालाई स्वीकृति प्रदान गरेको छ।

मन्त्रीमण्डलको बैठकमा लिइएको निर्णयबारे मीडियालाई जानकारी दिँदै केन्द्रीय सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभयो, विद्यार्थीहरू, उच्च शिक्षा प्राप्त गर्नका लागि कुनै ग्यारेण्टीबिना ऋण लिन योग्य हुनेछन्।

उहाँले भन्नुभयो वित्तीय बाधाको कारणले भारतका कुनै पनि युवा गुणवत्तापूर्ण शिक्षा प्राप्त गर्नबाट वञ्चित नहुन् भन्ने उदेश्यले यो योजना शुरू गरिएको हो। योजनाबाट सात लाख छात्रछात्राहरू लाभान्वित हुनेछन्।

योजनाका लागि पीए विद्यालक्ष्मी पोर्टलमा आवेदन गर्न सकिन्छ।

## CWP CONFERENCE

राज्य विधानसभा अध्यक्ष श्री मिङ्मा नर्बु शेपा र उपाध्यक्ष श्रीमती राजकुमारी थापाले आज अस्ट्रेलियाको सिडनीमा आयोजित सड़सठीऔं राष्ट्रमण्डल संसदीय सम्मेलनको उद्घाटन समारोहमा भाग लिनुभयो।

यसमा राष्ट्रमण्डल संसदीय शाखाका सातसय भन्दा बढ़ी प्रतिनिधिहरू उपस्थित थिए।

पछि श्री शेर्पा र श्रीमती थापा कार्यशालामा पनि सहभागी हुनुभयो।

उहाँहरूले हिजो भारतीय प्रतिनिधिहरूका लागि डाकिएको बैठकमा भाग लिनुभयो।

## SEVOKE RANGPO - NHIDLL

सड़क परिवहन तथा राजमार्ग मन्त्रालयले राष्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम NHIDLL लाई राष्ट्रिय मार्ग दसको सिभोक रम्फु मार्गमा बाउन्न किलोमिटर भन्दा केही बढ़ी भागको रखरखाऊ तथा विकासको जिम्मेवारी लिने निर्देश दिएको छ।

यसअघि सिभोक रम्फु मार्गको रखरखाउ पश्चिम बंगालको जन कार्य विभागले गर्ने गर्थ्यो।

रम्फु गान्तोक राष्ट्रीय मार्ग दसको बत्तीस किलोमिटर भागको रखरखाऊ राष्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम अधिन नै छ।

वर्षायाममा राष्ट्रिय मार्ग दस धेरै लामो समयसम्म बन्द भएकाले सम्पर्क व्यवस्थाको गम्भीर समस्या झेल्नु परेको कुरोलाई ध्यानमा राखेर मुख्यमन्त्री श्री प्रेमसिंह तामङ्ले केन्द्र सरकार र केन्द्रीय मन्त्रीहरू समक्ष यस्तो मांग राख्नु भएको थियो।

## COMMUNITY RADIO

सामुदायिक रेडियो जागरूकतामाथइ दुई दिने लामो कार्यशाला गान्तोकमा आज सम्पन्न भयो।

एउटा गैर सरकारी संगठन SMART सित मिलेर यसको आयोजना केन्द्रीय सूचना तथा प्रसारण मन्त्रालयले गरेको थियो।

कार्यशालाको दोस्रो दिन आज मुख्य अतिथिको रूपमा पत्र सूचना कार्यलय पिआईबी गान्तोकका सहायक निदेशक तथा आकाशवाणी गान्तोकको प्रादेशिक समाचार एकांश प्रमुख डा. इबोम्चा शर्माले भन्नुभयो तृणमूल स्तरमा सृजनशीलता बढाउनका लागि सामुदायिक रेडियो उपयुक्त माध्यम हुनुसक्नेछ।

## SSCSOS

सिक्किम राज्य नागरिक सेवा अधिकारी संघको नव निर्वाचित कार्यकारिणी समितिका सदस्यहरूले आज मिन्तोगाङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित भेट गरे।

वर्ष तेह्र सितम्बरमा नर्व निर्वाचित समितिले कार्यभार सम्हालेको थियो।

आठ सदस्यीय समितिमा राज्य चुनाउ आयोगका सचिव श्री दुष्यन्त परियार अध्यक्ष र कार्मिक विभागकी अतिरिक्त सचिव श्रीमती थिन्ले पेमा चाङकापा सहासचिव हुनुहुन्छ।

भेटघाटका बेला मुख्य मन्त्री संघका सदस्यहरूलाई राज्यमा सामाजिक विषयहरूका लागि योगदान दिएर मानिसहरूको जीवनमा परिवर्तन ल्याउने सुझाउ दिनुभएको छ।

## CHATHH PARV

लोक अस्थाको महापर्व छठमा आज खरना अनुष्ठान सम्पन्न भइरहेछ।

भोलि साँझ अस्ताउँदै गरेको सूर्यलाई र पर्सी बिहान उदीयमान सूर्यलाई अर्ध्य अर्पण गरेपछि चार दिने लामो सूर्य षष्ठी अथवा छठ पर्व समाप्त हुनेछ।

देशका जुनै भागमा रहे पनि बिहारी मूलका मानिसहरूले मनाउने यस चाड़मा ऊर्जाको अनन्त श्रोत सूर्य भगवानको पूजा गरिन्छ।

## NATIONAL SCIENCE DAY

राज्यको विज्ञान तथा प्रौद्योगिकी विभागले हिजो गान्तोकको मोर्डन उच्चतर माध्यमिक पाठशालामा जिल्ला स्तरीय राष्ट्रिय विज्ञान दिवस 2024 समारोह आयोजित गर्यो।

यसको विषय थियो 'विकसित भारतका लागि स्वदेशी तकनिकी'।

कार्यक्रममा चित्रकला, निबन्ध, प्रश्नोत्तर, विज्ञान वार्ता र भिडियो निर्माण प्रतियोगिताहरू आयोजित भए।

यसमा गान्तोकको विभिन्न पाठशालाका एकसय पचास भन्दा धेरै विद्यार्थीहरूले भाग लिए।

## TAEKWONDO

पुलिस अधीक्षक सावित्री प्रधान र Veterons India Sports का राष्ट्रिय Secretary General अशोक कुमार लेङ्का विश्व ताइकोण्डु सिनियर पुम्से च्याम्पियनशीप 2024 मा भारतको प्रतिनिधित्व गर्नका लागि छनौट हुनुभएको छ।

अण्डर 60 आयुवर्गकमा प्रतिस्पर्धा गर्दै उहाँहरूले हङकङमा यसै महीना तीस तारीकदेखि चार दिसम्बरसम्म आयोजित हुने पुम्से च्याम्पियनशीपमा भाग लिनुहुनेछ।

यस प्रतियोगितामा एकै आयुर्वर्गका एकजना पुरूष र एकजना महिलाले प्रतिस्पर्धा गर्नु पर्छ।

## NITI AAYOG JAL UTSOV

नीति आयोगले जल प्रबन्धन, संरक्षण र दिगो उपलब्धता सुनिश्चित गर्ने दिशातर्फ जागरूकता बढाउनका लागि आजदेखि पन्ध्र दिन लामो जल उत्सव शुभारम्भ गरेको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गत वर्ष दिसम्बर महीनामा आयोजत मुख्य सचिवहरूको सम्मेलनमा नदी उत्सव सरह जल उत्सव मनाउने विचार व्यक्त गर्नुभएको थियो।

आयोगले भनेको छ जल उत्सव आजदेखि चौविस नवम्वरसम्म बीस आकांक्षी जिल्लार प्रखण्डहरूमा मनाइनेछ।